# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० फागुन ९ गते

## विष्फोटक पदार्थको उचित व्यवस्थापन गर

जाजरकोट जिल्लाको दशेरा गाविस वडा नम्बर ३ तल्ले गाउँमा फागुन ८ गते बम विष्फोटन भई छजना घाइते भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ ।
उक्त घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै घाइतेहरूको निःशुल्क र प्रभावकारी उपचारका लागि आयोग सरकारसँग आग्रह गर्दछ ।

२०६३ साल मङ्सिर ५ गते नेपाल सरकार र तत्कालीन नेकपा माओवादीबीचको विस्तृत शान्ति सम्झौतामा दुई महिनाभित्र सबैखाले विष्फोटक पदार्थ हटाउने भनिए पनि त्यसको उचित पालना भएको देखिँदैन । बारुदी सुरुङ तथा अन्य विष्फोटक पदार्थ रहेको क्षेत्र पहिचान गरी विष्फोटक पदार्थलाई निष्प्रभावी बनाउन नेपाल सरकार र तत्कालीन विद्रोही पक्ष नेकपा माओवादी सक्रिय हुनुपर्ने देखिन्छ ।

२०६८ साल जेठ ३१ गते नेपाल बारुदी सुरुङमुक्त देश घोषणा भइसकेपछि पनि यस्ता बम विष्फोटनका घटनाहरू हुनु अत्यन्त दुःखद स्थिति हुन् । यसभन्दा अघि पनि सशस्त्र द्वन्द्वकालीन समयमा बिच्छ्याइएका बारुदी सुरुङ तथा विष्फोटक पदार्थबाट निम्तिएको दुर्घटनाका कारण सर्वसाधारण नागरिकको मृत्यु र अङ्गभङ्ग हुने गरेका छन् । भविष्यमा हुनसक्ने यस्ता दुर्घटनाबारे नेपाल सरकार, नेकपा माओवादी र सरोकारवाला निकायहरू गम्भीर हुन जरुरी छ । सशस्त्र द्वन्द्वकालका यसखाले विष्फोटक पदार्थको अवशेषहरूका कारण भविष्यमा कुनै पनि व्यक्ति पीडित हुने परिस्थितिको सिर्जना हुन नदिन आयोग सबै पक्षसँग आग्रह गर्दछ ।

वेदप्रसाद भट्टराई
कामु सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org